# जिल्ला अनुगमन तथा समन्वय समितिको मिति २०७५/१२/२४ गते वसेको वैठकको निर्णयहरुः

१) कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ विष्ट गाउं स्थित पुरुषोत्तम विष्ट समेत ११ जना जग्गा धनीहरुको जग्गा व्यवस्थापनको लागि अधिकार प्राप्त व्यक्ति गोकर्णेश्वर नगरपालिका वडा नं. ६ का नारायण पुडासैनीले मिति २०७५/१२/१८ मा जिल्ला समन्वय समितिमा पेश गरेको निवेदनको सम्वन्धमा छलफल हुँदा जिल्ला अनुगमन तथा समन्वय समितिको मिति २०७५/१०/१८ को निर्णय नं. ६ बाट निजले जग्गा व्यवस्थापनको कार्य गर्दा नगरपालिकाबाट स्वीकृती दिंदा तोकिएका शर्तहरु वमोजिम जग्गा व्यवस्थापनको कार्य नगरेको पाइएकोले रोक लगाउने निर्णय गरिएकोमा हालको स्थितिको स्थलगत अनुगमन गरी निजले गरेको जग्गा व्यवस्थापनको कार्य सुचारु गर्न दिन मिल्ने नमिल्ने साथै जग्गा व्यवस्थापन गर्ने क्रममा के कति परिमाणमा माटो तथा वालुवा उत्खनन गर्ने हो सो को संरक्षणको विस्तृत कार्ययोजना के हो ? सो सम्वन्धी विवरण सम्वन्धित जग्गा व्यवस्थापन/अधिकार प्राप्त व्यक्तिसंग लिने । त्यस कार्यले वस्ती तथा वातरणमा कुनै असर पर्छ पर्दैन, सो को संरक्षणको लागि के कस्ता कार्यहरु गर्न आवश्यक पर्दछ, प्राविधिक टोली सहित स्थलगत अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) सहायक प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २) जि.स.स. कार्यालय, काठमाडौंको अधिकृत प्रतिनिधि | सदस्य |
| ३) कागेश्वरी मनोहरा नगरपालिकाको प्राविधिक प्रतिनिधि (ईन्जिनियर) | सदस्य |
| ४) महानगरीय प्रहरी परिसर, प्रतिनिधि | सदस्य |